# बालबालिकाको दृष्टिकोणबाट तयार गरिएको स्थितिपत्र

## नेपालमा बालबालिकाको अनलाइन सुरक्षा र अधिकार संरक्षण

Terre des Hommes Netherlands



SCROL

Safety for Children and their Rights OnLine



# परिचय

अनलाइनमा हुँदा इन्टरनेट पहुँच र हाम्रा अधिकार र सुरक्षाका सरोकारहरूलाई कसरी हेर्दछौं भन्ने विषयमा यो स्थितिपत्र हामी बालबालिका आफैंद्वारा तयार गरिएको हो । हामीले पहिले भन्दा धेरै इन्टरनेट र सामाजिक सञ्जालको प्रयोग गरिरहेका छौं र यी प्रविधि र प्लेटफर्महरूको बढ्दो पहुँचले हाम्रो अनलाइन सुरक्षामा गम्भीर चिन्ताहरू खडा भएका छन् ।

हामीले नेपालको गण्डकी र बागमती प्रदेशका भिन्न पृष्ठभूमिका बालबालिकासँग समूह छलफल गरी यो पत्र तयार गरेका हौँ । हामीले हाम्रा अधिकार र अनलाइन सुरक्षासंग सम्बन्धित समस्या / मुद्दाहरू तथा सरोकारहरू पहिचान गरेर यो पत्र तयार गरेका हौँ ।

पहिलो मस्यौदा तयार भएपछि हामीले तयार गरिएको सामग्रीलाई परिमार्जन गर्यौं र केही थप सिफारिसहरू पनि समावेश गर्यौं ।

यस स्थिति पत्रको उद्देश्य सरकार र सम्बन्धित सरोकारवाला पक्षहरूलाई हाम्रो अधिकार र अनलाइन सुरक्षाको बारेमा जानकारी गराउनु, साथै यस पत्र अनुरुप आवश्यक कारबाही गर्न वहाँहरूसंग माग गर्नु हो । हामीले हाम्रो अनलाइन सुरक्षा र अनलाइनमा हाम्रो अधिकारको संरक्षणका लागि काम गर्ने अभिभावक, शिक्षक, समुदायका अगुवाहरू, कानून प्रवर्द्धक अधिकृतहरू, इन्टरनेट सेवा प्रदायकहरू र अन्य सम्बन्धित व्यक्तिहरूको भूमिकामा केन्द्रित भएर यो पत्र तयार गरका छौं ।

# नेपालमा बालबालिकाको अनलाइन सुरक्षाको बर्तमान स्थिति

नेपालमा धेरै भन्दा धेरै मानिसले इन्टरनेटको प्रयोग गरिरहेका छन्, तथ्याँकमा देखिए अनुसार २०२०, जनवरीमा ३५ प्रतिशत, २०२२ मा ३८.४ प्रतिशत, र २०२३ को शुरुमै ५१.६ प्रतिशत मानिसले इन्टरनेटको प्रयोग गरेका छन् । त्यसै गरी, नेपालमा सामाजिक सञ्जाल प्रयोगकर्ता पनि बढेका छन् । जनवरी २०२३ सम्म, नेपालमा बस्ने १.२६ करोड सामाजिक सञ्जाल प्रयोगकर्ताहरू रहेका छन् ।

इन्टरनेटले आजका बालबालिकाको जीवनमा धेरै फाइदाहरू प्रदान गर्दछ र हाम्रो भविष्यको स्वरुप दिई महत्वपूर्ण भूमिका खेल्दछ । इन्टरनेटको उपयुक्त ढंगले प्रयोग गर्नाले यसले उत्कृष्ट सिकाई अनुभवहरू प्रदान गर्दछ ।

हामीले हाम्रो छलफलबाट यो पहिचान गर्यौंकी, नेपालमा हाम्रा लागि अझवढी अनलाइन सुरक्षाको आवश्यकता छ, किन की हामीलाई इन्टरनेट प्रयोग गर्ने यस्ता साथीहरू पनि थाहा छ जस्लाई अनलाइनबाट हानी पुर्याउनु, दुर्व्यवहार गर्नु वा कसैलाई अपमान गर्नु अपराध हुनसक्छ भन्ने बारे थाहै छैन

हामीले हाम्रा ती साथीहरूलाई चिन्छौ जस्ले बारम्बार अपरिचितहरूलाई अनलाइनमा तस्विरहरू आदान प्रदान गर्छन । हामी अश्लील सामग्रीको सम्पर्कमा पनि आउनु परेको छ र नचाहिदा सन्देशहरू तथा तस्विरहरू प्राप्त गर्ने गर्दछौं । हामी अनलाइनमा हुँदा सुरक्षित महसुश गर्दैनौ किनकी कसैले केही पठाउन सक्छ वा हामीलाई मन नपर्ने कुरा लेख्न सक्छ ।

**हामीलाई अनलाइन दुर्व्यवहार जस्तैः धम्की, यौन हैरानी आदि भएमा प्रहरी कहाँ जानुपर्दछ भन्ने लाग्छ, तर हामी मध्ये धेरैलाई वास्तवमै कहाँ जाने, कसरी रिपोर्ट(उजुरी) गर्ने र कसलाई रिपोर्ट गर्ने भन्ने थाहा छैन । तसर्थ जवाफदेही प्रणाली सरल बनाउनु पर्दछ र यसको बारेमा हामीलाई जानकारी दिनु पर्दछ ।**

**अहिले धेरै बालबालिकाले अनलाइन दुर्व्यवहारको सामना गरेको खण्डमा तिनीहरूले रिपोर्ट गर्लान वा नगर्लान भन्ने निश्चित छैन ।**



"हामी शैक्षिक श्रोतहरू, खोज/अनुसन्धान सामग्रीहरू, र अनलाइन पाठ्यक्रमहरूको पहुँचमा पुग्न सक्छौं । हामी मुलरुपमा हाम्रो विद्यालयका कार्यहरू पुरा गर्न, परिवारका सदस्यहरू आफन्तहरू, साथीहरू र शिक्षकहरूसंग कुराकानी गर्न, मनोरञ्जन र सृजनात्मक कार्य तथा कला, नृत्य, संगीत, खाना पकाउन आदि सीपहरू सिक्न जानकारी खोज्न इन्टरनेट प्रयोग गर्दछौं ।"

१३ वर्षिय बालक, गण्डकी प्रदेश



# बालबालिकाले भविष्यमा के हेर्न चाहन्छन्

हामी चाहन्छौं, हाम्रा अभिभावक, शिक्षक, प्रहरी, र इन्टरनेट सेवाप्रदायकहरू(ISP), सञ्चारमाध्यम, स्थानीय सरकार आदिबाट बालबालिकाको बढ्दो अनलाइन सुरक्षाको चिन्तालाई बुझी आवश्यक समाधानकाकार्यहरू गरियोस । यो केवलअनलाइन सुरक्षाको विषय मात्र नभएरसबै भौगोलिक स्थानहरूका बालबालिकाका लागि इनटरनेटमा उमेर–उपयुक्त सामग्री र सुरक्षित पहुँचकोविषय पनि हो ।

नेपालमा अधिकाँश अभिभावकहरूले आफ्ना बालबालिकालाई इन्टरनेटको सुरक्षित प्रयोग गर्नका लागि मार्गदर्शन प्रदान गर्न असमर्थ छन् । तिनीहरूमध्ये धेरैलाई अभिभावकीय मार्गदर्शन उपायहरूका बारेमा जानकारी छैन । त्यस्ता धेरै अभिभावकलाई इन्टरनेटमा आधारित विद्यालय कार्यहरूका बारेमा थाहा छैन । हामी चाहन्छौं हाम्रा अभिभावकहरू समय अनुरुपको शिक्षा विधिहरूलाई बुझी हाम्रा विद्यालय कार्यहरू पुरा गर्न आवश्यक विद्युतीय उपकरणहरू र इन्टरनेट उपलब्ध गरिदिनुहोस ।

हामी हाम्रा विद्यालयहरू र शिक्षकहरूले इन्टरनेट प्रयोग गर्दा कसरी सुरक्षित रहने साथै इन्टरनेट प्रयोग गर्दा उनीहरूका अधिकारको बारेमा सिकाउनुहोस भन्ने चाहन्छौं । हाम्रा विद्यालयहरू र शिक्षकहरूले सधै विद्यालय पाठ्यव्रmमको शिक्षण सिकाईमा मात्र व्यस्त नरही हामीलाई अनलाइन सुरक्षा सम्बन्धी शिक्षण गर्न कार्यव्रmमहरू आयोजना गर्नुहोस भन्ने चाहन्छौं ।

हामी हाम्रा समुदायका अगुवाहरूले समुदायका सदस्यहरूलाई केन्द्रित गरी बालबालिकाको इन्टरनेट पहुँचको अधिकार र तिनीहरूको अनलाइन सुरक्षाको बारेमा सचेतनामूलक गतिविधिहरू सञ्चालन गर्नुहोस भन्ने चाहन्छौं । हामी हाम्रा नेतृत्वकर्ताहरूले बालबालिकाका अभिभावकहरूसँग यस बारेमा कुरा गर्नुहोस भन्ने चाहन्छौं । बालबालिकाले घटनाहरू उजुरी गर्न आउँदा प्रहरीलाई सहयोगी, विनम्र र जवाफदेही भइदिनुहोस् भन्ने हामी चाहन्छौं । प्रहरी कार्यालयहरूमा बालबालिकालाई नम्र स्वागतयुक्त वातावरण हुन पर्दछ । प्रहरीले बालबालिकाका मुद्दामा भएको अनुसन्धान प्रकृया र प्रगति बारे जानकारी दिनु पर्दछ ।

# सुझावहरू



## सरकार र इन्टरनेट सेवा प्रदायकहरूलाई सुझाव

१. बालबालिकाका लागि विद्युतीय स्पेसहरू सुरक्षित बनाउन काम गर्नुहोस् ।

२. हानीकारक सामग्री रोक्नुहोस् र बालबालिकाका लागि उमेर–उपयुक्त सामग्रीहरू इन्टरनेटमा रहने सुनिश्चित गर्नुहोस् ।

३. विद्यालयहरू र कानून कार्यान्वयन गर्ने निकायहरूको समन्वयमा संचेतना अभिवृद्धि कार्यक्रमहरू आयोजना गर्नुहोस् । रेडियो, टेलिभिजन र अरु सञ्चार सञ्जालहरू मार्फत देश भरका व्यापक जनसमुदाय र बालबालिकालाई अनलाइन सुरक्षाको बारेमा संचेतना प्रदान गर्नुहोस् ।

४. अनलाइन यौन दुर्व्यवहारका दोषीहरूलाई न्यायको दायरामा ल्याउन अन्य देशहरूसंग कुटनीतिक सहयोग सम्बन्धहरूको विकास गर्नुहोस् ।

५. बाल यौन दुर्व्यवहारयुक्त सामग्रीहरू इन्टरनेट र समाजिक सञ्जालबाट हटाउन आचारसंहिता वा निर्देशिका बनाउनुहोस् ।

६. नेपालभरका सबै बालबालिकाका लागि इन्टरनेट सर्वसुलभ र पहुँचयोग्य बनाउनुहोस् ।

## हामीलाई सहयोग र समर्थन गर्न nepal@tdh.nl मा सम्पर्क गर्नुहोस्

NATIONALE POSTCODE LOTERIJ
IGNITE PHILANTHROPY inspiring the end to violence against girls and boys
SCROL Safety for Children and their Rights OnLine
Terre des Hommes Netherlands